सूचना सुचना सूचना सूचना

प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बारा
कृषि विकास कार्यक्रम

(प्रथम पटक प्रकाशित मिति २०७६।०१।२३)

यस कार्यालयको आ.ब २०७५/७६ को स्वीकृत कृषि तर्फको बार्षिक कार्यकमको तेस्रो चौमासिक लक्ष्य अनुसार साना सिचाई कार्यकम अन्तर्गत पम्पी सेट र डेलिभरी पाइप बितरण कार्यकम सञ्चालन गर्न जिल्ला र गाउँपालिका स्थित नियम अनुसार दर्ता भएका कृषकसमुह/सहकारी सस्था प्रसौनी गाउँपालिका प्रसौनी बारा २०७६/०२/०६ गते भित्र तपसिलका उल्लेखित शर्तहरु को अधिनमा रहि तोकिएको दाँचामा निबेदन गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

१.आबेदनका लागी साना सिचाई कार्यकम कार्यन्वयन निर्दिष्ट गरेको फर्मेट बमोजिम भरेर पेश गर्नुपर्नेछ ।

२. कृषक समूह र सहकारी संस्था दर्ता भएका प्रमाण पत्रको फोटोकपी नविकरण सहित निवेदन साथ संलग्न हुनुपर्नेछ।

३ संचालन गरेको कार्यकमका योजनाको औचित्य आवश्यकता बारे आयोजना अवधारणा पत्र पेश गर्नुपर्नेछ ।

४. सिचाई संचालनको लागि कृषक समूह र सहकारी संस्थाका सदस्यहरुले निर्णय भएको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

५. कृषक समूहका सदस्यहरु र सहकारी संस्थाको संचालक समितिका सदस्यहरुको नागरिकताको फोटोकपी पेश गर्नुपर्नेछ साथै आफुले माँग गरेको योजनाको अनुमानित लागत स्टिमेट पेश गर्नुपर्नेछ तर कुल लागतको कम्तिमा १५% रकम समूहले आफै व्यहोर्नु पर्नेछ ।

६. उपरोक्त सम्पुर्ण कागजातहरुको साथै राजस्व बापत कृषक समूह र सहकारी संस्थाहरु रु. १०० को नगदी रसिद संलग्न गर्नुपर्नेछ ।

७. महिला, दलित, पिछडिएको र आर्थिक रुपमा कमजोर सदस्यहरुको बढि सहभागिता भएका कृषक समूह र सहकारी संस्थालाई बढी प्राथमिकता दिईनेछ ।

८. आयोजनाको अन्तिम कार्यान्वयन प्रकिया यस प्रसौनी गाउँपालिकाको कार्यालयले गर्नेछ ।

९. रित नपुगेको र तोकिएको समय भित्र दर्ता हुन नआएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

१०. धान रोप्ने समयमा सिंचाईको सुविधा नभएको ठाउँको कृषक समूहलाई बढी प्राथमिकता दिईनेछ ।

११. स्वीकृत आयोजनाको अन्तिम लागत, स्टिमेट यस प्रसौनी गाउँपालिकाको कार्यालयले गर्नेछ ।

१२. आयोजनाको आवश्यकता बारे वडा कार्यालयको सिफारिस पत्र ।

१३. अनिवार्य रुपमा आन्तकि राजस्व कार्यालयमा समेत दर्ता गरी स्थायी लेखा (pan number) लिएको हुनुपर्ने छ ।

**बिस्तृत जानकारीको लागि प्रसौनी गाउँपालिकाको कृषि विकास शाखामा सर्म्पक गर्नुहोला ।**

..................
प्रमुख प्रशासकीय अधिकृत
**रंजित कुमार यादव**
प्रमुख प्रशासकीय अधिकृत